**International Theatre Institute ITI**

**World Organization for the Performing Arts**

## Message for World Theatre Day 2020 by Shahid NADEEM

पाकिस्तानी नाटककार शाहिद नदीमले विश्व रङ्गमञ्च दिवस अवसरमा दिएको सन्देशको अंग्रेजीबाट नेपाली रुपान्तरण

### तीर्थस्थलको रुपमा रङ्गमञ्च

अजोका थिएटरले मञ्चन गरेको सुफी कवि बुल्लेह शाह बारेको नाटकको मञ्चन सकिसके  आफूसँग एक जना किशोरलाई साथमा लिएर आएका एक बृद्ध दर्शकले बुल्लेह शाहको भुमिका निर्वाह गरेका कलाकारको छेऊमा गएर भने -'मेरो यो नाती विरामी छ । कृपया यसलाईलाई छोएर आशिर्वाद दिनुहोस् ।' ती कलाकार झस्किए र भने-'हजुरबा, म बुल्लाह शाह हैन, एउटा सामान्य कालकार हुँ । मैले त बुल्लाह शाह भएर अभिनय मात्रै गरेको हुँ ।' ती बृद्धले भने-'बाबु तिमी कलाकार हैनौ, बुल्लाह शाहको पुर्नजन्म हौ तिमी । उनको नयाँ अवतार ।' अचानक हाम्रो माझ रङ्गमञ्चको नयाँ परिभाषाका उदय भयो । एउटा कलाकारले कुनै चरित्र निर्वाह गर्नु भनेको त्यस कलाकारमा चरित्रको पुनर्जन्म हुनु हो ।

बुल्लाह शाहको जस्तै कथा हरेक समाज र संस्कृतिमा भेटिन्छन् । यस्ता कथाहरु नाट्यकर्मीहरु र अपरिचित तर उत्साहित दर्शकहरुलाई जोड्ने बलियो माध्यम हुन सक्छन् । कहिलेकाहीँ हामी आफ्नो नाट्य दर्शनले थिचिन्छौं । सामाजिक रुपमान्तरणका संबाहक हौं भन्ने ठानेर दर्शकको ठूलो जमातलाई त्यसै छोडिदिन्छौं  । वर्तमान समयका चुनौतिहरुसँग हामीले रंगमञ्चलाई जोडिरहदा हामीले रङ्मञ्चल दिन सक्ने गहिरो आध्यात्मिक अनुभूतिको सम्भवनाबाट आफूलाई वञ्चित गरिरहेका हुन्छौं । आजको विश्व जहाँ कट्टरता, घृणा र हिंसा बढिरहेको छ, हाम्रो ग्रह जलवायु परिवर्तनको विपत्तिमा झन् झन् फस्दैछ, यस्तो अवस्थामा हामीले हाम्रो आध्यात्मिक शक्तिलाई भर्नु छ । हामीले उदासिनता, सुस्तता, निराशा, लोभ र हामी बाँचिरहेको ग्रह, विश्वप्रतिको उपेक्षा विरुद्ध लड्नु छ । मानवजातिलाई त्यो गहिरा रसातलतिर धकेलिनबाट बचाउनका लागि, मानवजातीलाई उत्प्रेरित गर्न र उर्जाशील बनाउन रङमञ्चको गरिमामय भूमिका छ । यसले रङ्गमञ्च वा नाटक मञ्चन गर्ने ठाउँहरुलाई पवित्र बनाउन सक्दछ ।

दक्षिण एसियामा मञ्चलाई टेक्नुअघि भुइँलाई स्रष्टाले ढोग्ने चलन छ । यो एउटा आदिम परम्परा हो जहाँ आध्यात्म र संस्कृतिको मिलन हुन्छ । दर्शक र कलकारबीचको, भूत र भविष्यको त्यो परस्पर सम्बन्धलाई पुनर्स्थापित गर्नु पर्ने समय आइसकेको छ । नाट्यकर्म फेरि एकपटक एउटा पवित्र कार्य हुन सक्छ र कलाकारहरु आफूले निर्वाह गरेको चरित्रको अवतार बन्न सक्दछन् । रङ्गमञ्च तीर्थस्थल र तीर्थस्थल रङ्गमञ्च बन्न सक्ने सम्भावना छ ।

अनुवादः घिमिरे युवराज
नाटक निर्देशकः शिल्पी थिएटर

Translation from English to Nepali: Ghimire Yubaraj
Theatre Director, Shilpee Theatre group Nepal